# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ] काठमाडौं, चैत्र २७ गते २०१८ साल [ संख्या ५१

### श्री ५ को सरकार
### गृह मन्त्रालयको
### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (समय समयमा भएको संशोधनहरू सहित) को दफा ३ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेकोछ ।

वीरसिंगे बिष्टको जाहेरी परेको गीठे बिष्ट कर्तव्य परी मरेको ज्यानमुद्दा विशेष अधिकार सम्पन्न दौडाहा खप्तड (डोटी) अञ्चलले पाएको विशेष अदालतको अधिकार प्रयोग गरी हेरेको मुद्दा कारवाइ किनारा लगाउन मिति ०१८।८।२७ को नेपाल गजेट भाग ३ अतिरिक्तांक ३० मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठन भएको डोटी (बजांग) विशेष अदालतलाई सुम्पेकोछ ।

आज्ञाले,
मे.ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव

६६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।